# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

फोन नं.-९८५७०६७९०८
ईमेल-info@chhatrakotmun.gov.np

प्रदेश नं. ५ नेपाल


प.स. ०७५/७६
च. नं. ३३८

मिति २०७५/०९/१७

**विषयः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

श्री स्टार इन्टरप्राइजेज
अनामनगर, काठमाडौ ।

प्रस्तुत विषयमा यस छत्रकोट गाउँपालिकाको चालु आ.व. ०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत रंगिन कर्कटपाता खरिद गर्न तेस्रोपटक मिति २०७५/०९/०५ को मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना नं. CRM/Gul/G/NCB-01/75-76 बमोजिम मिति २०७५/०९/१२ गते १२.०० बजेसम्म यस कार्यालयमा दर्ता भई सोही दिन दिनको १.०० बजे बोलपत्र खोली खोलिएका ३ (तीन) बोलपत्रको मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम परीक्षण तथा मूल्याङ्कन गर्दा तपाईले पेश गर्नुभएको बोलपत्रमा कबोल रकम रु. ४४२१२४०।-(अक्षरुपी चवालिस लाख एक्काइस हजार दुइसय चालिस मात्र) र १३% मूल्य अभिवृद्धि कर रु. ५७४७६१.२० (पाँच लाख चौहत्तर हजार सात सय एकसट्ठी र पैसा बीस मात्र) गरी कूल कबोल रकम रु.४९९६००१.२०(अक्षरुपी उनान्चास लाख छयानब्बे हजार एक र पैसा बीस मात्र) रंगीन कर्कट पाता खरिद कार्यको लागत अनुमान भन्दा घटी देखिएकोले उक्त बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही ठहर भई मूल्याङ्कन समितिबाट छनौटका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ संशोधित को दफा २७ को उपदफा (२) बमोजिम त्यस स्टार इन्टरप्राइजेज अनामनगर, काठमाडौको बोलपत्र स्वीकृत गरिने आशयको पत्र जारी गरिएको ब्यहोरा अनुरोध छ ।

यसरी जारी गरिएको आशयपत्रको उल्लेखिंत व्यहोरामा असहमति वा चित्त नबुझेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिम यो पत्रको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा लिखित निवेदन पेश गर्न सक्ने प्रावधान रहेको व्यहोरा अन्य बोलपत्रदाताहरुलाई यसै पत्र मार्फत जानकारी गराइएको छ ।

२०७५।९।१७

..................
मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री भुषाल ट्रेडिङ्ग कन्सर्न, रेसुङ्गा- ८ तम्घास, गुल्मी ।
श्री जयराम हार्डवेयर सेन्टर, रेसुङ्गा- १ तम्घास, गुल्मी ।
श्री सूचना प्रविधि शाखाः कार्यालयको website मा upload गरिदिनुहुन ।